# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, ५ नं प्रदेश

फोन ०७६–५६०३०५, ५६०२०१
फ्याक्स ०७६–५६००१९

प.सं. : ०७६/०७७
च.नं. : ८०६

मिति : २०७६/०८/०३

श्री सबै वडा कार्यालयहरु,

**बिषय : बेरोजगार व्यक्तिहरुको अपुर्ण फाराम पुन भर्ने बारे ।**

प्रस्तुत बिषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ बमोजिम गत आर्थिक बर्षको चैत्र र बैशाख महिनामा बेरोजगार व्यक्तिहरुको फाराम संकलन गरिएको व्यहोरा अवगतै छ । बेरोजगार व्यक्तिहरुबाट प्राप्त निवेदनका आधारमा आवश्यक विवरण रोजगार सुचना व्यवस्थापन प्रणाली EMIS मा प्रविष्ट गर्नु पर्ने भएको तर गत बर्ष भरिएका अधिकांस फाराममा मागे अनुसारको आवश्यक सम्पुर्ण विवरण नभरिएको पाइएकाले बेरोजगारको सुचीमा सुचिकृत हुन नसक्ने र सुचीकृत नभएका बेरोजगारहरुले आगामी दिनमा रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रमका कुनै पनि कार्यक्रममा सहभागी हुन नपाउने नियम भएका कारण सम्मुर्ण बेरोजगार व्यक्तिहरुलाई तहाँ वडा कार्यालय बाट सुचना प्रकाशन गरी मंसीर १५ गते सम्ममा सम्पुर्ण बेरोजगार व्यक्तिहरुको फाराम भर्ने कार्यमा सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजात**

१) पासर्पोट साइजको फोटो १ प्रति ।
२) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३) आफ्नो परिवारको सम्पुर्ण सदस्यको नाम, जन्म मिति नागरिकता नम्बर र नागकिता जारि मिति ।
४) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

नोटः बेरोजगार व्यक्ति उपस्थित भइ आवश्यक छुटेको विवरण नभरेको खण्डमा यस अघि भरेको अपुर्ण बेरोजगारी फाराम स्वतह खारेज हुने छ ।

**बोधार्थ**

सुचना प्रविधि शाखा ( website मा अपलोड गरिदिनुहुन )

विमलराज आचार्य
प्रमुख प्रशासकिय अधिकृत